**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/२० गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरणः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी दाना न्यौपाने** समेत कूल ८ जना (राम प्रसाद कुस्मा, माधव कुमार भट्ट, दाना न्यौपाने, पटक बहादुर बम, जानकी कुमारी शाही (वम), मनराज शाही,, लोकेन्द्र बम र मोतिपुरा रोकाय)<br>मुद्दा नं.: ०८०-CR-०१४९<br>विशेष अदालत फैसला मितिः२०८१।०९।०३ | **गैरकानुनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको। ।** | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः<br>१। **गाँउपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी राम प्रसाद कुस्मा र सव ईन्जिनियर माधव कुमार भट्टको हकमाः-** निज प्रतिवादीहरु राम प्रसाद कुस्मा र माधव कुमार भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.१३,७४,९९१।८३( अक्षेरुपि तेह्र लाख चौहत्तर हजार नौ सय एकानब्वे रुपैया त्रियासी पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरि सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिईएको देखिन्छ।साथै निज प्रतिवादीद्धयलाई सोही ऐन को दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>२। गाँउपालिकाका तत्कालिन उपाध्यक्ष प्रतिवादी दाना न्यौपाने, वडा नं ८ का तत्कालिन वडा अध्यक्ष प्रतिवादी पटक बहादुर बम, तत्कालिन वडा | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ८ जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>प्रस्तुत मुद्दामा बिशेष अदालत, काठमाण्डौबाट निजप्रतिवादीहरुले प्रस्तुत मुद्दाको आरोप मागदावीबाट सफाई पाउने ठहरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्ः<br>**(क)** स्थलगत मुचुल्कामा वाढी पहिरोले गर्दा पाईपहरु फुटाएर बगाएको कुरा उल्लेख भएको देखिएको।<br>**(ख)** अ.दु.अ. आयोगबाट कार्यसम्पन्न भएको ३ वर्ष ८ महिना पछि मात्र नापजाँच गरिएको देखिएको।<br>**(ग)** प्रतिवादीहरुले ओहोदाको दुरुपयोग गरी आफु वा अरु कसैलाई गैरकानुनी लाभ वा नेपाल सरकारलाई गैरकानुनी हानी पुऱ्याएको अवस्था नदेखिएको। | (क) जिल्ला कालिकोट साविक थिर्पु गा.वि.स. वडा नं.५ र ६ हाल पलाँता गाउँपालिका वडा नं.८ स्थितमा थोपा सिँचाई आयोजना निर्माणको लागी गाँउपालिकाको पुँजिगत अनुदान रु. २०,०००,००।— कर्णाली रोजगार कार्यक्रमबाट रु. ४०,००,०००।— गरि जम्मा रु. ६०,००,०००।— रुपैया विनियोजन भएको देखिन्छ। उक्त योजनाको लागी गाँउपालिकाको गाँउपालिकाको पुँजिगत अनुदानको लागी जम्मा रु.१८,५३,९४४।७४ र कर्णाली रोजगार कार्यक्रमको लागी जम्मा रु. ३७,५३,९३२।९८ गरि जम्मा रु.५६,०७,८७७।७२ को लागत अनुमान( जनश्रमदान बाहेक) भएको देखिन्छ। उक्त आयोजना सम्पन्न गर्न उपभोक्ता समितिसँग मिति २०७५।०१।३० मा संझौता भई मिति २०७५।०३।२५मा कार्यसम्पन्न भएको देखिन्छ।सो आयोजनामा गाँउपालिकाको पुँजिगत अनुदानको रकमबाट रु १२,३४,०१२।— रुपैया र कर्णाली रोजगार कार्यक्रमबाट रु.३७,५७,१२१।— जम्मा रु.४९,९१,१३३।— रुपैया भुक्तानी गरेको देखिन्छ। उक्त आयोजना निर्माण उपभोक्ता समितिका अध्यक्ष मनराज शाही, सचिव लोकेन्द्र बम समेतका उपभोक्ता समितिले आ.व.२०७४/०७५ को रु.६०,००,०००।- खर्च गरी कुनै पनि काम नगरी योजना सम्पन्न गरेको भन्ने समेत व्यहोराको उ.द.नं.५२ मिति २०७६/०४/०६ गतेको उजुरी आयोगमा परेको देखिन्छ। उक्त उजुरी उपर अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट स्थलगत खटिएका सव-इन्जिनियर अनिल के.सि.ले पेश गर्नुभएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन हेर्दा भुक्तानी भएको, निर्माण कार्यको शुरु बिन्दु मुलखोलादेखि अन्तिम बिन्दु सल्ली पाखासम्म 90mm dia.को 10kgf/cm2 pressure को १६२५ मिटर मात्र HDPE पाईपलाईन विस्तारको काम भएको तर उक्त निर्माण कार्यको रनिङ बिल, नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा कर्णाली रोजगार कार्यक्रमबाट १०४२.७० मिटर र गाउँपालिकाको पुँजिगत अनुदानबाट ११०० मिटर सहित कुल जम्मा २१४२.७० मिटर पाईप लाईन बिस्तारको मूल्याङ्कन गरेको देखिएको, त्यस्तैगरी, १६२५ मिटर लम्बाईमा मात्र Earthwork Excavation गरी पाईप लाईन विस्तार गरिएकोमा नापी किताब तथा भुक्तानी विलमा ४०३५ मिटर लम्बाईमा Earthwork Excavation गरेको मूल्याङ्कन गरेको देखियो।उक्त योजनाको Earthwork Excavation for pipe line आईटममा स्थलगत नापजाँच भन्दा नापी किताब तथा भुक्तानी बिलमा २४१० मिटरको लम्बाईमा बढी मूल्याङ्कन गरिएको देखियो सो बमोजिम उक्त योजनाको Procurement of HDPE Pipe 90mm dia.10kgf/cm2 आईटममा र Earthwork Excavation for pipe line आईटममा गरी रु. १३,७४,९९१।८३ रकम बढी मूल्याङ्कन गरेको देखियो साथै उक्त योजना वाट लाभान्वित समुदायमा सिँचाईको लागी पानी नपुगेको र हाल संचालनमा नरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सचिव जानकी कुमारी शाही(वम)को हकमाः- निज प्रतिवादीहरु दाना न्यौपाने, पटक बहादुर बम र जानकी कुमारी शाही(वम) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>३। मुल खोला थोपा आयोजना उपभोक्ता समितिका अध्यक्ष प्रतिवादीहरु मनराज शाही, सचिव लोकेन्द्र बम र कोषाध्यक्ष मोतिपुरा रोकायको हकमा :- प्रतिवादीहरु मनराज शाही, लोकेन्द्र बम र मोतिपुरा रोकायलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा बिगो रु.१३,७४,९९१।८३ (अक्षेरुपी तेह लाख चौहत्तर हजार नौसय एकानव्वे रुपिँया पैसा त्रिरासी) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिईएको।<br>१. **विशेष अदालतको फैसलाः**<br>**(क)** प्रतिवादीहरु राम प्रसाद कुस्मा, माधव कुमार भट्ट, दाना न्यौपाने, पटक बहादुर बम, जानकी कुमारी शाही (वम), मनराज शाही,, लोकेन्द्र बम र मोतिपुरा रोकायलाई आरोप दावीबाट सफाई दिने ठहर गरी विशेष अदालतबाट फैसला भएको | | देखिन्छ भन्ने समेत व्यहोराको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट देखिदा यि प्रतिवादीहरुले कम काम गरि बढि रकम भुक्तानी गरि सरकारी रकम हानी नोक्सानी गरेको तथ्य सव-इन्जिनियर अनिल के.सिको प्रविधिक प्रतिबेदन एवं निजले अदालतमा गरेको बकपत्रवाट देखिदा देखिदै उक्त प्रमाणलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि फैसला गर्नु पर्नेमा उक्त प्रमाणलाइ नजरअन्दाज गरेको देखिन्छ। यसै सन्दर्भमा ने.का.प. २०६४ अंक १ निर्णय नं ७८०९ मा "प्रमाण ऐन २०३१ को दफा ५० बमोजिम जिरह समेत भएको साक्षीले गरेको बकपत्रलाई Legally Admissible Evidence or Direct Evidence को रुपमा लिनु पर्ने" भनि प्रतिपादित सिद्धान्त वमोजिम समेत उक्त प्रमाणलाई Admissible Evidence को रुपमा लिई प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपुर्ण हुदाँ बदरभागी छ।<br>(ख) मुलखोला थोपा सिंचाई आयोजनाको मिति २०७५।०३।२२ देखी २०७५।०३।२३ सम्म अनुगमन तथा सुपरिवेक्षण गर्दा ईस्टिमेट अनुसार राम्रो काम भएको भनी वडा सहायक जानकी शाही वमले तयार गरेको अनुगमन कर्ता ८ नं. वडाको वडाअध्यक्ष पटक वहादुर वम र स्वीकृत गर्ने गाँउपालिका उपाध्याक्ष दाना न्यौपाने रहेको अनुगमन तथा सुपरिवेक्षण फारमबाट देखिन्छ भने उक्त आयोजनाको निर्माण गर्नका लागि कर्णाली रोजगार कार्यक्रमको रु. ४०,००,०००।-बराबरको लागत अनुमानमा प्रमुख प्रशासकिय अधिकृत राम प्रसाद कुस्मा र प्राविधिक माधव भट्टले तयार गरी प्रमाणित गरेको रु.३७,५७,१२१।०३ बराबरको रकमको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.३७,५७,१२१।- को भुक्तानी र गाँउपालिकाको पुँजिगत अनुदान अन्तर्गतको लागत अनुमान रु.१८,५३,९४४।७४ अन्तर्गत रु.१२,३४,०१२।५५ बरावरको नि.प्रमुख प्रशासकिय अधिकृत लेख बहादुर श्रेत्री र प्राविधिक पदम बहादुर शाहीले तयार गरी प्रमाणित गरेको नापी किताव अनुसार रु.१२,३४,०१२।- को मुलखोला थोपा सिंचाई उपभोक्ता समितिलाई भुक्तानी भएको गोश्वार भौचर सहितको कागजातबाट देखिन्छ।सो आयोजनामा सामाग्री खरिद गरेको देखिने जिल्ला बाँके नेपालगन्ज स्थित शुभम् ट्रेडर्सबाट जारी भएका बिलहरूको सम्बन्धमा बिल नं.५७३ र ५७५ को विल अनुसारको मात्र कारोबार भएको तर बिल नं.१०४२ र १०४३ को २ थान मिति २०७५/०३/०७ गते जारी भएको बिलहरूमा उल्लेख भएको आईटम बमोजिम कारोबार नभएको र पेश भएका बिलहरुमा समेत वास्तविक कारोबार भन्दा बढाएर पेश गरेको, त्यसैगरी जिल्ला बाँके नेपालगंज स्थित लक्ष्मी प्लाष्टिक्स प्रा.लि.को विलको सम्बन्धमा लक्ष्मी प्लाष्टिक्सको पान नं.३०००२४१२६ बाट मुलखोला थोपा सिंचाई उपभोक्ता समितिको नाममा जारी भएको विल नं.१५८३ मिति २०७५/०२/२९ गतेको विलमा विल वमोजिमको कारोवार नभएको भन्ने समेत व्यहोराको आयोगको कार्यालय, सुर्खेतबाट स्थलगत |

देखिन्छ ।

खटिएका प्रहरी निरीक्षक विर बहादुर थापा समेतले पेश गरेको स्थलगत प्रतिवेदनबाट देखिदा प्रतिवादीहरुले कम काम गरि बढि रकम भुक्तानी गरि सरकारी रकम हानी नोक्सानी गरेको तथ्य प्रहरी निरीक्षक विर बहादुर थापा समेतको स्थलगत प्रतिबेदन निजले अदालतमा गरेको बकपत्रवाट पुष्टि भएको देखिदा देखिदै उक्त तथ्य र प्रमाणलाई ग्रहण नगरी भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी छ।

(ग) मुलखोलाको मुहानदेखि अन्तिम बिन्दु सल्ली पाखासम्म HDPE 90MM को 10KG Pressure कालो पाईप १६२५ मिटर रहेको, उक्त पाईप केही स्थानमा जमिनमा नगाडिएको, ढुंगाले थिचेको, पाईए गाडिएको अन्तिम बिन्दुमा कुनैपनि संरचना नबनाईएको भन्नेसमेतको आयोगको कार्यालय सुर्खेतबाट स्थलगत खटिएका प्रहरी निरीक्षक दिपेन्द्र कुमार खत्री समेतको टोलीले गरेको स्थलगत सर्जिमिन मुचुल्का सम्झौता बमोजिम नगरिएको, वाढी पहिरोको समस्याको अन्य विकल्पको खोज गरिएको देखिएको भनि प्रतिवेदन गरेको देखिन्छ। उक्त योजनाको Earthwork Excavation for pipe line आईटममा स्थलगत नापजाँच भन्दा नापी किताब तथा भुक्तानी बिलमा २४१० मिटरको लम्बाईमा बढी मूल्याङ्कन गरिएको देखियो सो बमोजिम उक्त योजनाको Procurement of HDPE Pipe 90mm dia.10kgf/cm2 आईटममा र Earthwork Excavation for pipe line आईटममा गरी रु.१३,७४,९९१।८३ रकम बढी मूल्याङ्कन गरेको देखियो। साथै उक्त योजनामा लाभान्वित समुदायमा सिँचाईको लागी पानी नपुगेको र हाल संचालनमा नरहेको देखिन्छ भन्नेसमेत व्यहोराको सव-इन्जिनियर अनिल के.सि.ले मिति २०७९/०३/१३ गते पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट देखिदा देखिदै सो तथ्यलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिने गरि भएको फैसला मिलेको नदेखिदा बदरभागी छ।

(घ) मुलखोला थोपा सिंचाई आयोजनाको कार्य गर्दा यि प्रतिवादीहरुले पेश गरेको भ्याट समेतका नक्कली र सक्कली विलहरुको विवरणहरुलाई निम्न बमोजिम तालिकमा प्रस्तुत गरिएको छ;

**तालिका नं.१**

| सि नं. | टेड्र्सको नाम र ठेगना | विल नं. | सक्कली विल रकम रु. भ्याट समेत | नक्कली विल रकम रु. भ्याट समेत | फरक रु. भ्याट समेत |
|---|---|---|---|---|---|
| १ | शुभम् टेड्र्स, नेपालगंज (कोदालो बेल्चा लगायतको विभिन्न सामाग्री) | १०४२ | ६५,०८७।९८ | ९०,८८१।१० | २५,७९३।१२ |
| २ | शुभम् टेड्र्स, | १०४ | ५,५४१।९२ | ९२,३८२।४ | ८६,८४०।५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | नेपालगंज (Nails लगायतको सामाग्री) | ३ | | २ | ० |
| ३ | लक्ष्मी प्लास्टिक प्रा.लि.नेपालगंज | १५८३ | ३,३९,५१५।२८ (HDPE Pipe ९० मी मी १० के.जी को ४५० मी. खरिद) | ७,८६,९२०।९८ (HDPE ९० मी मी १० के.जी को १०४३ मी.खरिद) | ४,४७,४०५।७० |
| **जम्मा रु.** | | | **४,१०,१४५।१८** | **९,७०,१८४।५** | **५,६०,०३९।३२** |

**तालिका नं.२**

| **सिनं** | **आईटमको नाम** | **परिमाण )Quantity)** | | **फरक परिमाण व/घटी) (ढी** | **स्वीकृत दररेट रु.** | **फरक रकम रु.** |
|---|---|---|---|---|---|---|
| | | **नापी किताव मा भएको** | **फिल्डमा भएको** | | | |
| 1 | Procurement of HDEP Pipe 90mm dia.10kgf/cm2 | 2142.70 m | 1625 m | -517.70 m | 797.36 | -4,12,801.73 |
| 2 | Earthwork Excavation for pipeline. | 1634.18 m3 | 658.13 m3 | -976.05 m3 | 985.80 | -9,62,190.10 |
| | जम्मा रु. | | | | | -13,74,991.83 |

उक्त मुलखोला थोपा सिंचाई आयोजनामा Procurement of HDEP Pipe 90mm dia.10kgf/cm2 शिर्षकमा ४१२८०१/७३ Earthwork Excavation for pipeline रु.९,६२,१९०।१० गरी जम्मा रु.१३,७४,९९१।८३ बदनियत राखी बढी भुक्तानी गरेको नापजाँच तथा प्राविधिक प्रतिवेदनवाट देखिएको विवरणलाई कुनै विश्लेषण नगरी, उल्लेखित आर्थिक विचलनको विश्लेषण तथा मुल्याङ्कन विना प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण देखिएकोले बदरभागी छ।

अतः उक्त मुलखोला थोपा सिंचाई आयोजनामा प्रतिवादीहरु पलाँता गाँउपालिकामा कार्यरत तत्कालिन प्रमुख प्रशासकिय अधिकृत राम प्रसाद कुस्मा, सव ईन्जिनियर

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | | माधव कुमार भट्टले उक्त योजनाको लागत अनुमान बमोजिम कार्य नभएको,, स्थलगत गई नाप जाँच गरी कम काम भएको गरेको कार्यलाई बढी गरेको भनी प्राविधिक मूल्याङ्कन सहितको नापि किताव तयार गरी गराई कार्य सम्पन्न प्रतिवेदन समेत दिई भुक्तानिको लागी सिफारिस गरेकोमा सोही वमोजिम भुक्तानीको आदेश भई रु.१३,७४,९९१।८३( अक्षेरुपि तेह्र लाख चौहत्तर हजार नौ सय एकानब्बे रुपैया त्रियासी पैसा) उपभोक्ता समितिलाई भए गरेको भन्दा बढी रकम भुक्तानी दिएको देखिएको, निजै प्रतिवादीहरु राम प्रसाद कुस्मा र माधव कुमार भट्टले नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई सोहिको आधारमा भुक्तानी सदर तथा भुक्तानीको लागि पेश गरी सोही प्रतिवेदनको आधारमा भुक्तानी समेत गरेको देखिएको, सोही पलाँता गाँउपालिकाको तत्कालिन गाँउपालिका उपाध्यक्ष दाना न्यौपाने, पलता गाँउपालिका वडा नं.८ को तत्कालिन वडाअध्यक्ष पटक बहादुर बम र वडा सचिव जानकी कुमारी शाही (वम) ले उपभोक्ता समिति मार्फत भएको सम्पुर्ण कार्यको ईस्टिमेट अनुसारको राम्रो काम भएको भनी उपभोक्ता समितिको पदाधिकारीलाई फाईदा र पलाँता गाँउपालिकालाई नोक्सान पुर्याउने बदनियतले सिफारिस समेत गरेको र अनुगमन सुपरिबेक्षण प्रतिवेदन दिई दिन लगाई सोही अनुगमन प्रतिवेदनसमेतको आधारमा योजनाको बास्तविक भए गरेको भन्दा रु.१३,७४,९९१।८३ (अक्षेरुपी तेह्र लाख चौहत्तर हजार नौसय एकानव्वे रुपैंया पैसा त्रिरासी) बढी रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएको, उपभोक्ता समितिको अध्यक्ष मनराज शाही, उपभोक्ता समितिको सचिव लोकेन्द्र बम र उपभोक्ता समितिको कोषाध्यक्ष मोतिपुरा रोकायले कार्यसम्पन्न गर्दाको अबस्थामा गाँउपालिकाको जिम्मेवार पदाधिकारीसँगको मिलोमतोमा शुभम् टेड्र्स नेपालगंजको मिति २०७५।०३।०७ र लक्ष्मी प्लास्टिक प्रा.लि.नेपालगंजको मिति २०७५।०२।०९ गतेको विलहरुबाट खरिद गरिएको भनिएको रु.५,६०,०३९।३२ बराबरको झुट्टा विल भर्पाई बनाई फिल्डमा ५१७.७० मिटरपाईप लाईन विस्तार कार्य र Earthwork Excavation को ९७६.०५ घनमिटरको काम नै नगरी नापी किताव र कार्यसम्पन्न प्रतिवेदनमा बढी मूल्याङ्कन गरि/गराई सोही अनुसार अनुगमन समेत गराई सरकारी रकम रु.१३,७४,९९१।८३ (अक्षेरुपी तेह्र लाख चौहत्तर हजार नौसय एकानव्वे रुपैंया पैसा त्रिरासी) बढी भुक्तानी लिंई आफुहरुलाई गैरकानूनी लाभ र गाँउपालिकालाई गैरकानूनी हानी नोक्सानी पुर्याएको तथ्य आयोगको प्राविधिक टोलीले गरेको स्थलगत मुचुल्का एवं प्राविधिक प्रतिवेदन समेतबाट पुष्टि भई रहेको देखिदा देखिँदै उक्त तथ्य एवं प्रमाणको विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरी भएको शुरु विशेष अदालतको त्रुटिपूर्ण रहेकोले उक्त फैसलालाई बदर गरी निज प्रतिवादीहरु राम प्रसाद कुस्मा, माधव कुमार भट्ट, दाना न्यौपाने, पटक बहादुर बम, जानकी कुमारी शाही (वम), |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मनराज शाही,, लोकेन्द्र बम र मोतिपुरा रोकायलाई  आरोप मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ । |